आज मिति २०७८ साल चैत्र १६ गते बिहान दिनको ३: ०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्रीः नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्रीः केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्रीः बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९ | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३१ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३२ | | श्री पशुपति गैरे | अधिकृत छैटौ |
| ३३ | | श्री भरत लम्साल | (प्रमुख लेखा शा(ना)) |
| ३४ | | श्री पिताम्बर सापकोटा | (क. नग(प्रहरी)) |
| ३५ | | श्री आशिमा सुनार | (पोषण सहजकर्ता) |

प्रस्तावहरूः

१. सडक वोर्ड तर्फको योजना छनौट सम्बन्धमा
२. कोभिड प्रभावितहरूलाई राहत वितरण सम्बन्धमा
३. छुटफुट लगत संकलन सम्बन्धमा
४. गते बर्षको अधुरा ठेक्का सम्बन्धमा
५. विविध
क. मोर्चाघोलाको वचेको रकम बाट कार्य अगाडी वढाउने सम्बन्धमा
ख. मर्मत सम्हारबाट कार्यान्वयन भएको योजना अनुमोदन सम्बन्धमा
ग. गहुँ पकेट क्षेत्र घोषणा सम्बन्धमा
घ. धान वाली क्षेति सम्बन्धमा
ङ वेरूजु संपरिक्षण सम्बन्धमा
च. यातायात गूरूयोजना संसोधन सम्बन्धमा
छ. वहुक्षेत्रिय पोषण कार्ययोजना सम्बन्धमा
ज. निर्वाचन अधिकृतको कार्यालय स्थापना सम्बन्धमा

निर्णयहरू :

नि.नं १ :

चालु आ.व. २०७८/०७९ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि सडक वोर्ड नेपालको तर्फबाट रू ५०,००,०००।०० को स्वीकृत वजेट प्राप्त भएको र यस कार्यालयको समपुरक कोष समेतमा सञ्चालन गर्ने योजनाको विवरण माग भएकोमा तपसिल बमोजिमका योजना कार्यान्वयनको लागि लेखि पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजानको विवरण | योजना स्थल | अनुमानित लागत | नगरपालिका तर्फको | सडक वोर्ड तर्फको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नया कालिकाटोल बाटो ग्राभेल, धनेवा | वडा नं १३ | १५,१०,३२४।६२ | ५,१०,३२४।६२ | १०,००,०००।०० | ३३.८/६६।२ |
| २ | गँगाबस्ती चोक चौपत्ता देखी १४ नं वडा कार्यालय | वडा नं १४ | ८०,०५,१४३।८२ | ४०,०५,१४३।८२ | ४०,००,०००।०० | ५०।५० |
| ३ | नवदुर्गा मन्दिर टोल वाढीपिडितका विभिन्न शाखबाटाहरू मर्मत | वडा नं ४ | | | | |
| ४ | थारूगाँउ (न्यू लाइफ स्कूल) बाट पिपलटोल हुँदै पूर्व पश्चिम लोकमार्ग जाने बाटो मर्मत | वडा नं ४ | | | | |
| ५ | ध्रुवटोल मिलन चोक भूताहाचापी हुँदै अमरदिप सम्म जाने बाटो मर्मत | वडा नं १० | | | | |
| ६ | वडा नं ६ को विद्युत देखी पश्चिम जाने कालोपत्रे बाटो मर्मत | वडा नं ६ | | | | |
| ७ | विजयपुरबाट डेवहवा सुनटाडी हुँदै ध्रुवटोल बाटो मर्मत | वडा नं ११ | | | | |
| ८ | सालीमोड देखी सूर्यपुरा सडक | वडा नं ८ | | | | |
| ९ | त्रिवेणी सडक देखी नवजीवन हुँदै जाने कालोपत्रे बाटो मर्मत | | | | | |
| १० | लोकमार्ग देखी दिव्यनगर जाने कालोपत्रे बाटो मर्मत | | | | | |
| ११ | लोकमार्ग देखी अलावल जाने कालोपत्रे बाटो मर्मत | | | | | |
| १२ | कुसुमचोक देखी पानी टंकी हुँदै धनेवा खोला पारि सम्म बाटो मर्मत | | | | | |
| १३ | वेलहानी चोक देखी वगिया चोक सम्म बाटो मर्मत , वडा नं ७ | | | | | |

नि.नं २ः कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी कार्यविधि २०७८ अनुसारको राहत प्राप्तीको लागि निवेदन दिएकाहरूको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ३ः

राष्ट्रिय भूमि आयोगको ०७८/११/२६ मा प्रकाशित सूचना बमोजिम यस बर्दघाट नगरपालिकामा बसोवास गर्ने भूमिहिन, दलित, सुकुम्वासी र अव्यवस्थित वसोवासीहरू मध्ये विगतमा निवेदन दिन छुट भएका छुटपुट भूमिहिन, दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरूको लगत संकलनका लागि यस अघि लगत संकलन गर्ने कार्यमा खटिएका तालिम प्राप्त लगत संकलकहरूलाई आवश्यकता अनुसार लगत संकलनका लागि खटाउने निर्णय गरियो ।

नि.नं ४ः

ठेक्का नं १३/०७७/७८ को वेतहानी शिवमन्दिर प्रगतिचोक त्रिवेणी सडक (आत्रेय चोक) कालोपत्रे, ठेक्का नं १७/०७७/७८ को जीतपुर बाटो धौलागिरी चोक देखी हेल्थपोष्ट, वडा नं ५, मिलन चोक शिवालय मन्दिर देखी वडा नं ६ बाटो कालोपत्रे, ठेक्का नं २१/०७७/७८ को नाला सहित बाटो कालोपत्रे भगजौनी स्कूल क्षेत्र, वडा नं ११ र ठेक्का नं २६/०७७/७८ पनही भित्री सडक कालोपत्रे योजना वडा नं १३ समेतका योजनाको कार्यान्वयन गर्ने सन्दर्भमा पुष्पाञ्जली कन्स्ट्रक्सन र यस कार्यालय विच सम्झौता भएको साथै ठेक्का नं ४/०७७/७८ को चिसापानी शिवालय पराजुली चोक हुँदै वुटाहाताल गौडाहा सडक, ठेक्का नं ६/०७७/७८ वडा नं १ को कार्यालयय देखी पूर्व वेलहानी साइडवाल सहित बाटो स्तरिकरण एवं भटौलिया बाट लगुनाहा जोड्ने सडक स्तरिकरण वडा नं १२, ठेक्का नं ९/०७७/०७८ को खानेपानी ट्याङ्की देखी पूर्व जमुनिया सडक सम्म कालोपत्रे वडा नं १३ समेतका योजनाको कार्यान्वयन गर्ने सन्दर्भमा दाउन्ने कन्स्ट्रक्सन र यस कार्यालय विच सम्झौता भएकोमा उपरोक्त दुवै निर्माण न्यावसायीहरूले गत आ.व.मा कार्य सम्पन्न नभएकोले म्याद थपको लागी पेश गरेको निवेदन माग बमोजिम ०७८ पौष मसान्त सम्म म्याद थप भएको अवस्था रहेको । उक्त म्याद थप भएको अवधिमा समेत कार्य सम्पन्न गर्न नसकेको कारण जनाई पुनः म्याद थपको लागि पेश भएको निवेदन बमोजिम ०७८ चैत्र मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी ध्यचप क्अजमगभि उपलब्ध गराउनको लागि पत्राचार गरेकोमा हाल सम्म पनि कार्य सम्पन्न नगरेको हुँदा चैत्र मसान्त सम्म कार्य सम्पन्न नगरेमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३ को (ग) बमोजिम खरिद सम्झौता अनुरूपको दायित्व सारभूत रूपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेको हुँदा दुवै निर्माण न्यावसायी कम्पनीलाई कालो सूचिमा राख्ने प्रक्रिया अगाडी वढाउने साथै सार्वजनिक खरिद नियमावलीको नियम १२० (६) बमोजिम सम्झौता बमोजिम काम नगर्नेको हकमा ठेक्का प्रयोजनको लागि राखेको कार्यसम्पादन जमानत जफत गरी त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी समेत प्रचलित कानुन बमोजिम असुल उपर गर्न केन्द्रिय तहसिल कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

नि.नं ५(क)

चालु आ.व. को वार्षिक कार्यक्रम अन्तरगत शिवालयटोल मर्चाघोला टोल र वाढीपिडित पुरानो गाविस पश्चिम सडक कालोपत्रे गर्ने योजनाको लागि सि.नं ८३ ,५५२, ५५८ मा रू २५,००,०००।०० विनियोजन भएकोमा विद्युतिय वोलपत्र मार्फत ठेक्का आब्हान भएकोमा शिवशक्ति रियल स्टेड एण्ड शौरभ कन्स्ट्रक्सन प्रा.लि, बर्दघाट र यस कार्यालय विच रू १७,००,९९४।६५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भै योजना कार्यन्वयन भैरहेको छ । उक्त ठेक्काबाट वचेको रकम मध्येबाट योजनाको वाँकी कार्य गर्न स्थानीय उपभोक्ता समितिबाट बजेट माग भएको र सम्वन्धित वडा कार्यालयबाट समेत सोही ब्यहोराको सिफारिस प्राप्त भएकोमा द्ययत्त र सम्झौतामा उल्लेखीत क्षेत्र वाहेक सोही योजनाको वाँकी काम सम्पन्न गर्न रू ७,००,०००।०० विनियोजन गरी स्थानीय उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

नि.नं ५ (ख)

यस नगरपालिका मर्मत सम्हार खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट नगर प्रमुख स्तरिय निर्णय अनुसार विनियोजन गरी कार्य सम्पन्न भएका सवै योजना अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं ५(ग)

यस नगरपालिका वडा नं १० लाई गहुँ पकेट क्षेत्र घोषणाको लागि सम्बन्धित वडा समितिबाट सिफारिस प्राप्त भएकोले सोही सिफारिस बमोजिम उक्त वडालाई गहुँ पकेट क्षेत्र घोषणा गर्ने गरियो ।

नि.नं ५ (घ)

यस नगरपालिकामा गत असोज ३० गते देखी कार्तिक ५ गते सम्मको वर्षाका कारण किसानको धानवालीमा क्षति पुगेको र उक्त क्षतिको विवरण यस सम्वन्धी कार्यविधिको अनुसूचि -२ मा उल्लेख भएको ढाँचा बमोजिम तयार गनी सम्बन्धीत निकायमा राहतको लागि पठाउने र चालु आ.व.को शुरूवात देखी हाल सम्म तरकारी अन्नवाली र मौरी लगायतका वालीमा भएको क्षतिको आधारमा विपद व्यवस्थापन कोषबाट दिएको क्षतिपूर्ति अनुमोदन गर्ने निर्णय गरियो ।

५(ङ) आ.व. ०७४/०७५ को लेखा परिक्षण प्रतिवेदनमा कार्यालयका कर्मचारी कृष्ण वहादुर थापा क्षेत्रीको नाममा रहेको पेश्की वेरूजु वडा नं ९ का वडा अध्यक्ष श्री चन्द्रकान्त चापागाईको नाममा देखिन गएको तर कार्यालयको अभिलेखमा कृष्ण वहादुर

थापा क्षेत्रीको नाममा रही सोको पे.फ. समेत भैसकेको हुँदा उक्त वडा अध्यक्षको नाममा रहेको वेरूजु संपरिक्षण गर्ने निर्णय गरियो ।

**५(च)**

नगर यातायात गुरूयोजनामा वडा नं १२ अन्तरगतको नक्सौकन गर्ने क्रममा प्राविधिक त्रुटीवस देहायबमोजिमका सडकहरूको मापदण्ड फरक परेको देखिएको हुँदा उक्त मापदण्ड तपसिल बमोजिम परिमार्जन गर्ने निर्णय गरियो ।

| क्र.स. | सडकको नाम | गूरूयोजनामा समावेश भएको मापदण्ड मी. | परिमार्जन भएको मापदण्ड मी. | कैफियत |
|---|---|---|---|---|
| १ | जमुनिया देखी चौपत्ताको भित्री बाटो हुँदै वर्दघाट त्रिवेणी सम्म, वडा नं १२ | ३० | ८ | |
| २ | भटौलिया चोक उत्तर वडकी भटौलिया हुँदै वडा नं ३ जाने बाटो सम्म वडा नं १२ | १० | ८ | |
| ३ | वडा नं १२ जागृति टोल स्थित शान्ति चोक देखी उत्तर सपहिया जाने बाटो वडा नं १२ | १० | ८ | |
| ४ | माकर चोक देखी होली एन्जल्स आवासीय माध्यमिक विद्यालय जाने बाटो, वडा नं १ | १३ | ६ | |
| ५ | वडा नं ७ अन्तरगतका शाखा सडकहरू | १३ | ८ | |
| ६ | वडा नं ७ अन्तरगतका भित्री सडकहरू | ८ | ६ | |

**नि.नं ५ (छ)**

वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत पोषण सुधारको लागि विपन्न समूदायका महिला समूदायका महिला वा सहकारीलाई विपन्न सदस्यहरूको आय आर्जन सुधार कार्यक्रम गर्न अनुदान शिर्षकमा रू ५,८२,०००।०० विनियोजन भएकोमा सो रकम न्युन हुने भएकोले सोही योजनाको महिला बालवालिका तथा समाज कल्याण क्षेत्र मा रहेको ४,५५,०००।०० मध्येबाट ४३,०००।०० थप गर्ने र सोही वमोजिम उक्त कार्यक्रम सञ्चालनको लागि **महिला सहकारी तथा समूहमा वहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि, २०७७** को दफा ५ बमोजिम प्रस्ताव आब्हान गर्ने निर्णय गरियो ।

**नि.नं ५ (ज)**

स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा निर्वाचन अधिकृतको कार्यालय यस नगरपालिका हाता भित्र स्थापना गर्ने र मतगणना स्थलको रूपमा पुरानो भवनको हललाई प्रयोग गर्ने निर्णय गरियो ।

आज मिति २०७९ साल वैशाख ८ गते विहान दिनको २: ०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

**उपस्थिति**

| क्र.सं: | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्री: बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |